# अग्रश्रावक

## अर्थात्

## सारिपुत्र र माद्गल्यायन चरित्र

धर्मोदय सभा

भिक्षु अमृत

Downloaded from http://dhamma.digital

# दुइ शब्द

जीवनको स्तरलाई उच्च पार्ने साधनहरूमध्ये महापुरुष-हरूको जीवनीको ज्ञान राख्नु पनि एक साधन हो। हाँसले दूध मात्र चूसी पानी छोडे झैं हामीले पनि जुनसुकै चीजबाट पनि गुण मात्रै ग्रहण गरी अवगुण छोड्नु पर्छ।

आज तपाईंहरूको सन्मुख भगवान् बुद्धको दुइ जना प्रधान शिष्यहरूको पवित्र जीवनी, पालित्रिपिटक-साहित्यबाट संग्रह गरी, राख्न पाउनु सौभाग्यको कुरा हो।

बौद्ध साहित्यले हाम्रो राष्ट्रभाषाको ढुकुटी भरिपूर्ण गर्न पाउनु साह्रै हर्ष, आनन्द र साथै गौरवको पनि कुरा हो।

यो संस्करण पाठकहरूको सम्मुखमा राख्न सकेको नै श्री पूर्ण 'पथिक' जीले अनुवाद गरिदिने कष्ट गरिदिनु भएकोले र श्री केशवलाल कर्माचार्यजीले भाषाको संशोधन गरी, प्रूफ हेर्ने काम समेत गरिदिनु भएको हुनाले म वहाँहरूको आभारी छु।-

आनन्द कुटी
३१।६।'०८

—भिक्षु अमृतानन्द,

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# अग्रश्रावक

## अर्थात्

## सारिपुत्र र मौद्गल्यायन

'अग्रश्रावक' भन्नासाथ सारिपुत्र र मौद्गल्यायन भनेर नचिन्ने बौद्ध-जगतमा कमै होलान् । भगवान् बुद्धका शिष्यहरूलाई "श्रावक" भन्दछन् । श्रावकहरूमा श्रेष्ठ भएकाले सारिपुत्रलाई र मौद्गल्यायनलाई "अग्रश्रावक" भनेका हुन्। राजगृह वेलुवनाराममा आएर वहाँहरू भगवान्को शिष्य हुनुभैसकेपछि वहाँहरूको बुद्धिले प्रभावित भएर भगवान्ले वहाँहरूलाई शिष्यहरूमा अग्र भनेर घोषणा गर्नुभयो। त्यस बेलादेखि सारिपुत्र र महामौद्गल्यायन महास्थविरहरूलाई "अग्रश्रावक" भनेका हुन् ।

वहाँहरू भगवान् बुद्धको शिष्य हुनुभन्दा अगाडिको कुरा यस प्रकारको छ:—

राजगृह जाने बाटोमा नालान्दाको आस-पासमा उपतिस्स * (उपतिष्य) र कोलित भन्ने दुइ गाउँ थिए ।

---

* कहीं कहीं नालक भनेर पनि लेखिराखेको छ ।

Downloaded from http://dhamma.digital

त्यस गाउँमा दुइ जनाधनी ब्राह्मणहरू त्यहाँका हार्रे भैरहेका थिए। तिनीहरुकै कुलमा सारिपुत्र र मौद्गल्यायनको जन्म भएको हो। एक जना उपतिष्य भन्ने गाउँको ब्राह्मणको कुलमा जन्मनुभयो। अर्कोचाहिं कोलित गाउँमा बस्ने ब्राह्मणको कुलमा जन्मनुभयो। वहाँहरूको भरण- पोषण पनि राम्रोसित भयो। उपतिष्य गाउँमा जन्मनु भएकोलाइ "उपतिश्य" र कोलित गाउँमा जन्मनु भएकोलाई "कोलित" भनेर नाउँ राखियो। दुवै कुमारहरू एकै दिनमा जन्मेकाले बालकैदेखि वहाँहरूमा मित्रता थियो। वहाँहरूको मित्रता जीवनको अन्तसम्म पनि ज्यौंकात्यौं रह्यो।

युवा भएपछि वहाँहरू दुवैजना एकपल्ट नाच हेर्न जानुभयो। नाच हेर्दाहेर्दै संसारको स्वभाव पनि यस्तै न हो भन्ने वहाँहरूको मनमा पर्‍यो। त्यस बेलादेखि वहाँहरूको मन संसारबाट विरक्त भएर परमार्थतिर ढल्कियो।

त्यस बेला राजगृह देशमा संजय भन्ने परिब्राजकको नाम निकै चलिरहेको थियो। उसका पाँच सय भन्दा बढता शिष्यहरू थिए। संजयको नाम सुनेर उपतिष्य र कोलितले परमार्थको लागि उनकहाँ जाने निश्चय गर्नुभयो। वहाँहरू दुइ जना शिष्य हुनु भएदेखिन संजयको यश झन् बढयो। उपतिश्य र कोलितले संजयकहाँ बसेर वेद आदि अनेक शास्त्रहरूको अध्ययन गर्नुभयो। वहाँ-हरू जम्बुद्वीप (एशिया) भरी ठाउँठाउँमा धर्मसंवाद गर्न जानुभयो। त्यो समय धर्मसंवादको एउटा युग जस्तै भयो। वास्तवमा उपतिश्यहरूको चित्त त शान्त भएको थिएन

Downloaded from http://dhamma.digital

तथापि वहाँहरूले संजयको आश्रममा धेरै दिन बिताउनुभयो ।

उतातिर भरखर शाक्यमुनि बुद्ध, मार-विजय गरेर सर्वज्ञ बुद्ध कहलाएर, सर्वप्रथम धर्म-चक्र प्रवर्तन गर्नलाई (धर्मको चक्र घुमाउनलाई) ऋषिपतन सारनाथमा पाल्नुभएको थियो । धर्मको चक्र चलाइसकेपछि वहाँका एकसट्ठी जना अर्हन्त शिष्यहरू भए । अनि शाक्यसिंहले शिष्यहरूलाई यसरी आज्ञा गर्नुभयो:-

"भिक्षुगण ! तपाईंहरू सब संसारको बन्धनबाट मुक्त हुनुभो, म पनि मुक्त भैसकें । तपाईंहरू र ममा मोक्षको केही विशेष रहेन । मैले जुन ज्ञान पाएँ, त्यो ज्ञान तपाईंहरूले पनि पाइसक्नुभो । तपाईंहरूले अब संसारको आवागमनबाट छुटकारा पाउनुभो, मैले पनि । तपाईंहरू पनि अर्हन्त क्षीणाश्रवहरू हुनुहुन्छ, म पनि अर्हन्त क्षीणाश्रव हुँ । तपाईंहरूको र मेरो तृष्णा नाश भैसक्यो । अब तपाईंहरूले त्रिलोकको हित र सुखको निमित्त चतुरार्यसत्य र अष्ट अङ्गले युक्त भएको मध्यम मार्ग प्रचार गर्न जानुहोस । यस धर्मले प्राणी मात्रको आदि, मध्य र अन्तको समेत कल्याण हुन्छ । यो परिपूर्ण धर्म हो । तर तपाईंहरू दुवै जना एउटै बाटोबाट न जानु होला । म पनि उरुवेलतिर जानेछु ।"

एक दिन उपतिष्य परिव्राजकले राजगृह शहरमा शान्त मूर्तिका भिक्षु एक जना भिक्षामात्र आइरहेको देख्नुभयो । अघि कहिल्यै नदेखेको भिक्षुको भेषले

Downloaded from http://dhamma.digital

वहाँको मन आकर्षित गऱ्यो। परिव्राजक छिटो-छिटो त्यस भिक्षुनिर जानुभयो। बाटोमा वहाँसित एक दुइटा प्रश्न पनि सोध्नुभो। भिक्षुले उत्तर नदिएको देखेर "शायद् वहाँले भिक्षाटनको अवस्थामा बोल्नु हुन्न क्यारे" भन्ने विचार गरेर वहाँ भिक्षुको पछि लाग्नुभो।

उपतिश्यहरूमा साम्प्रदायिक भावना छैन। वहाँहरू जातले ब्राह्मण र ज्ञानपिपासा हुनुहुन्छ। वहाँहरूलाई त जसबाट भए पनि तर्कपूर्ण, स-कारण तथा तथ्यपूर्ण परमार्थको आवश्यक थियो। त्यसैले वहाँले भिक्षाटन गरिरहनु भएको अस्सजिसँग न जात सोध्नुभो, न गोत्र। जातले मोक्षमा केही गर्छ भन्ने उपतिश्यमा पनि विश्वास थिएन।

अस्सजि भिक्षु भिक्षाटन गरिसकेपछि एउटा निर्जन वनमा गएर भुइँमा बस्न लाग्नुभो। शिष्टाचार जान्ने उपतिश्य परिव्राजकले आफूसंग भएको वस्त्र बिछ्याइ दिनुभयो। आफ्नो कमण्डलुको पानीले हात धुवाउनुभयो। वहाँले भोजन लिइसकेपछि परिव्राजकले वहाँसंग "तपाईंको गुरु को? वहाँको सिद्धान्त के छ?" भनी सोध्नु भयो। वहाँले जवाफ यसरी दिनुभयो:—

"मेरा पूज्य गुरु गौतम सम्यक्सम्बुद्ध हुनुहुन्छ। वहाँको सिद्धान्त, जुन वस्तु हेतु प्रत्ययद्वारा पैदा भएको छ, त्यसको निरोध हुन्छ र त्यस निरोधको मार्ग पनि यही छ।"

यति कुरा सुन्ने बित्तिकै उपतिश्य परिव्राजकको ज्ञानावरण हट्यो। वहाँले पहिले वहाँलाई नै गुरु मान्नु भयो। उपतिश्य साह्रै खुशी तथा सन्तुष्ट हुनुभो। भगवान् कलाना ठाउँमा पाल्नुभएको छ भन्ने थाह पाएर परिव्राजक साथीलाई खबर दिन जानुभयो।

Downloaded from http://dhamma.digital

आश्रममा पुगेर उपतिश्यले अमृतज्ञान पाएको कुरा साथी कोलितलाई सुनाउनुभो। त्यो कुरा सुनेर कोलितको पनि ज्ञानावरण खुल्यो। वहाँ पनि साह्रै खुशी र प्रसन्न हुनुभो। यति कुरा सुन्ने बित्तिकै कोलित परिव्राजकले उपतिश्यलाई भन्नुभयोः—

"त्यसोभए हामीहरू वहाँ सम्यग्सम्बुद्धकहाँ छिटो जाऔं।"

उपतिश्यले भन्नुभयोः—

"त्यसो हैन मित्र, जे भए पनि हामीहरू यतिका दिन संजायकहाँ बसिसक्यौं। एकपल्ट सूचना दिएर जानु हाम्रो कर्तव्य हो। हुनसके वहाँलाइ पनि हामी असल बाटोमा लेजाऔं।"

आखिरमा वहाँहरू दुइ सय परिव्राजकहरू साथमा लिएर वेळुवनमा जानुभो र सर्वज्ञ बुद्धको शिष्य हुनभो। बुद्ध शासनमा पसेपछि सारि ब्राह्मणीको छोरा भएको हुनाले उपतिश्य "सारिपुत्रको" नामले प्रख्यात भयो र मौग्दली ब्राह्मणीको छोरा भएकोले कोलितको नाम 'मौग्द्ल्यायन"ले प्रशिद्ध भयो।

अग्रश्रावक हुनुभैसकेपछि वहाँहरूद्वारा समन्त भद्रलाइ धर्मप्रचारको मार्गमा धेरै मदत प्राप्त भयो। वहाँहरू दोश्रो बुद्ध नै हुनुभयो। यो कुरा खालि वहाँहरू माथिको मुग्ध श्रद्धाले भनेको होइन तथागत आफैले वहाँहरूलाइ अनुबुद्ध भनेर आज्ञा गर्नु भएको छ। यति मात्र होइन ठाउँ ठाउँमा अनेक तरहले तथागतले वहाँहरूको प्रशंसा

Downloaded from http://dhamma.digital

पनि गर्नु भएको छ। यथाः—

कप्पसतसहस्साधिकं असंखेय्यं पूरित पारमी एस भिक्खु = भिक्षुगण हो! यी भिक्षु, एक लाख भन्दा बढता पारमी पुन्याइसकेका हुन्।

मया पवत्तितं धम्मचक्कं अनुपवत्तको एस भिक्खु = मैले घुमाइराखेको धर्मचक्रलाइ फेरि घुमाउन सक्ने यी भिक्षु हुन्।

ठपेत्वा मं दससु चक्कवाल सहस्सेसु पञ्ञाय असदिसो एस भिक्खु = दस हजार चक्रवालमा प्रज्ञा ज्ञानमा पारंगत भएका यी भिक्षुका जोडा म एक जना बाहेक अरू कोही छैन।

महापञ्ञो एस भिक्खु = महान्‌प्रज्ञा यी भिक्षुमा छ।

मम सासने पठविसम खन्तिको एस भिक्खु = मेरो शासनमा (संघमा) पृथ्वी समान क्षमाशील भएका यी भिक्षु हुन्।

यसरी श्री मुनीन्द्रले वहाँको गुण किर्तन धेरै नै गाउनु भएको छ।

एक पल्ट शान्तिनाशक दशबलले भिक्षुसंघ अगाडि वहाँहरूको विषयमा यसरी घोषणा गर्नुभयोः—

"एतदग्ग भिक्खवे मम सावकानं भिक्खूनं यदिदं सारिपुत्तो महापञ्ञावं = भिक्षुगण हो! मेरो शासनमा प्रज्ञावानहरूमा अग्र भिक्षु सारिपुत्र हुन्।

एतदग्ग भिक्खवे मम सावकानं भिक्खूनं इद्धिमन्तानं यदिदं महामोग्गलानो = भिक्षुगण हो! मेरो शासनमा ऋद्धिवान्‌हरूमा अग्र भिक्षु महामौग्दल्यायन हुन्।

सारिपुत्र महास्थविरमा कृतज्ञता, गुरुभक्ति, क्षमा र प्रज्ञाको आदर्श भए, महामौग्दल्यायन

Downloaded from http://dhamma.digital

महास्थविरमा शारीरिक शक्ति, उद्योग, ऋद्धि-चमत्कार र दुर्दान्त-दमन शक्ति छ।

एक दिन वहाँहरूको विषयमा तथागतले भिक्षुहरूलाई यसरी आज्ञा भो:— "सेय्यथापि भिक्खवे जनेत्ति एवं सारिपुत्तो, सेय्यथापि जातस्स आपादेता एवं मोग्गल्लानो = भिक्षुगण हो! सारिपुत्र भिक्षु प्राणीहरूका आमा समान हुन् र मौद्गल्यायन भिक्षु धाईआमा समान हुन्।

× × × ×

एक दिन सारिपुत्र महास्थविरले बिहान सबेरै उठेर सिरानतिर फर्केर पंचांग प्रणाम गर्नुभएको भिक्षुहरूले देखे। तिनीहरूको मनमा यस किसिमको कुरा उत्पन्न भयो:—

"सारिपुत्र महास्थविरलाइ भगवानले जतिसुकै ठूलो भन्नुभए पनि अहिलेसम्म वहाँको आफ्नो अघिको ब्राह्मण-दृष्टि हराएको छैन।"

हुँदाहुँदै यो कुरा भिक्षु-संघहरूको बीचमा पनि बरोबर चर्चा हुनलाग्यो। जहाँ भेला भए पनि सारिपुत्र महास्थविरको विषयमा कुरा चल्ने भयो। कुनै कुनै भिक्षुहरूले त "भगवानले पनि मुख हेरी काम गर्नु हुँदो रहेछ" पनि भन्न थाले।

एक दिन भगवान् यस्तै कुरा चलिरहेको ठाउँमा पुग्नु भएछ। भगवान्ले भिक्षुहरूसंग "के कुरा चलिरहेछ?" भनी सोध्नुभो। भिक्षुहरूले भए-भरको कुरा निवेदन गरे। भगवान्ले सारिपुत्रलाइ सभामा बोलाएर भन्नुभो:-

Downloaded from http://dhamma.digital

"सारिपुत्र ! तपाईं त बिहान सबेरै उठेर सँधै सिरानतिर फर्केर पञ्चांग प्रणाम गर्नु हुन्छ रे हो ?"

"हो, भन्ते ।"

"सारिपुत्र ! कसलाइ वन्दना गर्नुभएको त ?"

"भन्ते ! तपाईंको शासनमा आउनुभन्दा अघाडि मलाई अस्सजि भन्तेले तपाईंको उपदेश सुनाउनुभएको थियो । त्यस उपदेशले मलाई तपाईंको श्रेष्ठ मध्यममार्गमा तानी ल्यायो । मेरो लागि वहाँको त्यो उपकार ठूलो छ । जुन दिन मैले वहाँसंग उपदेश सुनें, त्यस दिनदेखि वहाँको वन्दना न गरी सुत्ने गरेको छैन, सुत्नुअगाडि वहाँ कुन दिशामा हुनुहुन्छ भनी ध्यानले हेर्छु र वहाँ हुनुभएको दिशातिर सिरान गरी वहाँलाइ वन्दना गर्छु । बिहान उठिसकेपछि पनि वहाँको गुण संझी वहाँ हुनुभएको दिशातिर फर्केर वन्दना गर्छु ।"

सारिपुत्र महास्थविरको यो कुरा सुनेर भिक्षुहरूको मनको शंका मिट्यो। यस प्रसंगमा शाक्यमुनिले उपस्थित भिक्षुगणलाई अनेक उपदेश दिनुभयो । वहाँले यो पनि भन्नुभोः–

"भिक्षुगण, यस संसारमा सबभन्दा पहिले उपकार गर्ने व्यक्ति र उपकार गर्नेलाई प्रत्युपकार गर्ने व्यक्ति, यी दुवै किसिमका मानिस दुर्लभ छन् ।"

× × × ×

एक दिन सारिपुत्र महास्थविर चीवर लाएर बाहिर

Downloaded from http://dhamma.digital

कहीं आनुभएको बखतमा सात वर्षको एकजना श्रामणेरले वहाँको चीवरको एक छेउ भुईंमा लत्रेको देख्यो। अरुहरूले देखे भने वहाँलाई नराम्रो भन्ला भन्ने असल विचारले सुविनीत स्वभावले त्यो केटोले वहाँसित चीवरको छेउ फुस्केको कुरा निवेदन गऱ्यो। वहाँले श्रामणेरलाई निधि देखाइदिने कल्याणकारी मित्र सम्झी, सबैले देख्ने गरी नमस्कार गर्न नियमानुकूल न भएकोले वहाँले त्यस श्राम-णेरलाई मनमनैले नमस्कार गर्नुभयो। यस विषयमा वहाँले यसरी श्रद्धाञ्जलि श्लोक पढ्नुभोः--

''तदह्न पब्बजितो चापि जातिया सत्तवस्सिको।
सोपि मं अनुसासेय्य सम्पटिच्छामि मुद्धनिं॥''

अर्थात्-भखरै प्रव्रजित भएकोले भए पनि, जन्मले सातै वर्षको मात्रै भए पनि, त्यसले मलाई उपदेश र अनुशासन गरोस्, सबैको उपदेश र अनुशासनलाई शिरोपर गर्दछु।''

दोष देखाइदिने मानिसलाई वहाँले निधि देखाइ-दिने ठूलो कल्याणकारी मित्र सम्झने गर्नुभएको छ।

+ + + +

एक दिन वहाँ भिक्षाटन गर्न जानुहुँदा एक जना ब्राह्मणले वहाँको पात्रमा एक चम्चा भात राखिदियो। केही दिनपछि त्यो ब्राह्मण प्रव्रजित हुने अभिलाषा लिएर भिक्षु संघमा आयो। त्यसलाई कसैले पनि प्रव्रजित गरेन। त्यसैबेला दीनानाथ भगवान् बुद्ध आइपुग्नुभो। भिक्षुहरू-

Downloaded from http://dhamma.digital

सित के कुरा भैरहेको छ सोध्नुभो। भिक्षुहरूले भए-भरको कुरा बताइदिए। "भिक्षुहरू हो ! यतिका भिक्षुहरूमध्ये एक जनाले पनि यहाँको गुण देख्नुभएन ? कसैले यहाँलाइ प्रव्रज्या दिनुहुन्न ?" भनेर भगवानको आज्ञाभयो। कसैले पनि केही बोलेन। आखिरमा संगै आउनुभएको महास्थविर सारिपुत्रले "मैले देखेको छु यहाँको गुण, म यहाँलाइ प्रव्रज्या दिन्छु" भनेर निवेदन गर्नुभो। भगवान्ले यहाँको के गुण देख्नुभो भनेर सोध्नुभो। वहाँले एक चम्चा भात राखिदिएको कुरा कृतज्ञतापूर्वक सभामा प्रकाश गर्नुभो। भगवान्ले वहाँलाइ धन्यवाद दिनुभया र प्रशंसा गर्नुभो। आखिरमा त्यस ब्राह्मणलाइ सारिपुत्रद्वारा प्रव्रज्या दिलाउनुभो।

अरूहरूका सानो गुणलाइ पनि संझिराख्ने वहाँको गुण छ। त्यसैले भनेकोछ "अल्पल्पमपि साधुनीं शिलालेखे व तिष्ठति" अर्थात् साधु सत्पुरुषहरूले आफ्ना मनमा सानो तिनो गुणलाइ पनि शिलालेखमा झैं संझिराख्छन्।

+ + + +

एक दिन महास्थविर भिक्षाटनमा गैरहनु भएको बखतमा एक जना ब्राह्मणले पछिल्तिरबाट आएर वहाँको पिठ्यूँमा बेस्सरी हान्यो। वहाँले पछिल्तिर यसो एक पल्ट सम्म पनि हेर्नुभएन। वहाँलाइ पिटे भन्ने कुरा थाहपाई वहाँका अरु भक्तहरु आएर त्यस ब्राह्मणलाई धूलो-पिठो नपारी छोड्दैनौं भन्दै आए ! सारिपुत्र महास्थविरले

Downloaded from http://dhamma.digital

प्रतिहिंसा गर्नु हुन्न भनेर उनीहरुलाई उपदेश दिई ब्राह्मणलाई पिट्न दिनुभएन। ब्राह्मणको शरीर पसिनाले निथ्रुक्क भयो। त्यसको जिउ पोल्यो — दाह भयो। वहाँको पाउमा परी क्षमा माग्यो। फेरि वहाँले क्षमा न दिने कुरा के छ र!

+ + + +

एक दिन सारिपुत्र महास्थविरले चीवर लाउनु हुँदा संगको एक भिक्षुलाई चीवरको छेउले छोयो। त्यस भिक्षुको मनमा सारिपुत्रप्रति अलिकति द्वेषभाव रहेछ। अब त्यो भगवानकहाँ गएर चुक्लि हाल्न पुग्यो।

"भन्ते! तपाईंको शिष्य सारिपुत्र कत्तिको बढेको! अग्रश्रावक भो भन्दैमा त्यत्तिको दुखिनु हुन्छ? हामीलाई त गन्दै गन्दैन। मलाई आज चीवरले हानेको कानै फाट्ला जस्तो भयो। तैपनि मसंग क्षमा नमागीकनै बाहिर जानुभो। भगवान्लाई सत्यासत्य कुरा सबै थाह भएपनि न्यायानुकूल गर्नु परेकोले वहाँले सारिपुत्र महास्थविरलाई बोलाउन पठाई वहाँसंग उसले भनेको कुरा साँचो हो कि होइन भनेर सोध्नुभो। सारिपुत्रले सत्य वा असत्य केही नभनी यसो भन्नुभोः-

"भन्ते, जुन दिनदेखि म प्रव्रजित भएँ, त्यस दिनदेखि म विनासिङ्को गोरु झैं भैरहेकोछु। म शूद्रको टुहुरो बच्चा झैं भैरहेको छु! म पाउ पुछ्ने पाउपोस जस्तै छु। मेरा लागि सब प्राणीहरू एक्को बालक झैं हुन्। मानिसहरूले पृथ्वीमा असल र कमसल जेसुकै फाले पनि पृथ्वीलाई

Downloaded from http://dhamma.digital

न राग छ, न द्वेष हुन्छ, त्यस्तै मलाइ पनि केही छैन, भन्ते !"

सारिपुत्र महास्थविरको यो कुरा सुन्दासुन्दै त्यस झुकली हाल्ने भिक्षुको जिउबाट पसिना निस्कन थाल्यो। उसको जिउमा दाह भयो। भगवान्ले उसलाइ क्षमा गर्नुहोस् भनी सारिपुत्रलाइ भन्नुभो। वहाँले त्यस भिक्षुलाई क्षमा गर्नुभयो। वहाँ आफैले पनि यसो भन्नुभोः—

खमतु च मे सो आयस्मा सचे मय्हं दोसो अत्थी'ति = त्यहाँ आयुस्मानले मलाइ पनि क्षमा गरिदिनोस, यदि मेरो पनि दोष भए।

\+ + + +

एक दिन सारिपुत्र महास्थविरले आफू परिनिर्वाण हुने समय आइपुग्यो भनी जान्नुभयो। परिनिर्वाण हुनलाइ भगवान्को वचन लिएर आफ्नो मातृग्राममा जानु भयो। गाउँमा पुग्नासाथ वहाँले आफ्नी बूढी आमालाइ आफू आइरहेको समाचार पठाउनुभो। वहाँको आमा भने कट्टर ब्रह्मपूजिका रहिछन्। ब्रह्माभन्दा ठूलो त्रिलोकमा दोस्रो अरू छैन भन्ने उनको धारणा थियो। आमाको यो मिथ्या धारणा मिटाई सम्यग्धारणामा राख्नलाइ वहाँ आखिरमा आफ्नो घर आउनु भयो। सारिपुत्र महास्थविर आफ्नो घर पुगेर आमासँग आफू जन्मेको ठाउँ सोध्नुभो। आमाले बताइन्। वहाँ त्यस कोठामा जानुभो। बेलुका ८ रातमा वहाँको हेरविचार गर्न चतुर्महाराज

Downloaded from http://dhamma.digital

आदि ब्रह्माहरू समेत आए। यो दृश्य देखेर आमाको विचार धारा फरक भयो। छोराको महत्ता बुझिन्। बहुतै खुशी भइन्। आखिर वहाँले आमालाई उपदेश दिएर त्रिशरणमा ल्याउनुभो। यसरी सारिपुत्र महास्थविरले आमाप्रति गर्नु पर्ने कर्तव्य पनि पालन गरी, आमालाई मोक्षको बाटो देखाई अनित्य देह छोडेर सदा सुखमय निर्वाण धातुमा परिनिर्वाण हुनुभो।

\+ \+ \+ \+

सारिपुत्र महास्थविर परिनिर्वाण हुनु भैसकेपछि चुन्द र आनन्द महास्थविरहरूले वहाँको अस्थिधातु कपडामा पोका पारेर भगवान्कहाँ लगे। भगवान्ले धातु लिएर आफ्नै चक्रांकित हातमा राखेर सबै भिक्षुहरुको अगाडि सारिपुत्रको गुण वर्णन गरेर यस्तो आज्ञा गर्नुभयोः—

> यो पब्बजि जातिसतानि पञ्च,
> पहाय कामानि मनोरमानि।
> तं वीतरागं सुसमाहितिन्द्रियं,
> परिनिब्बुतं वन्दथ सारिपुत्तं॥

अर्थात् जो भिक्षु पाँच सय जन्मसम्म रमाइलो पञ्च विषय सुख छोडेर प्रव्रजित भयो उनै वीतरागी शान्तेन्द्रिय सारिपुत्रको निर्वाण भैसकेको अस्थिलाई नमस्कार गर।

> खन्तिबलो पठविसमो नकुप्पति,
> न चापि चित्तस्स वसेन वत्तति।

Downloaded from http://dhamma.digital

अनुकम्पको कारुणिको च निब्बुतो,
परिनिब्बुतं वन्दथ सारिपुत्तं ॥

अर्थात्-क्षान्ति बलको प्रभावले पृथ्वी समान अचल, मनको वशमा नपर्ने, अनुकम्पा र करुणा भएको सारिपुत्र निर्वाण हुनुभो, वहाँको अस्थि धातुको वन्दना गर।

चण्डालपुत्तो यथा नगरं पविट्ठो,
नीचमनो चरति कपाल हत्थो।
तथा अयं विचरति सारिपुत्तो,
परिनिब्बुतं वन्दथ सारिपुत्तं ॥

जसरी चाण्डालको बच्चा हातमा खप्पर लिएर नम्र भएर शहरमा जान्छ, त्यस्तै मेरो सारिपुत्र पनि निरहंकारी, निहतमानी हुनुहुन्छ। त्यस्तो सारिपुत्र परिनिर्वाण हुनभो। वहाँ.के अस्थि धातुको बन्दना गर।

उसभो यथा छिन्न विसाणकोप,
अहेठयन्तो चरति पुरन्तरे।
तथो अयं विचरति सारिपुत्तो,
परिनिब्बुतं वन्दथ सारिपुत्त ॥

अर्थात-सिङ नभएको गोरु जसरी कसैलाइ केही नगरी रूडकमा हिड्छ, त्यस्तै मेरो पुत्र सारिपुत्र पनि हो अब वहाँ परिनिर्वाण हुनुभो, बन्दना गर।

यति मात्र होइन, पाँचसय श्लोकद्वारा भगवान बुद्धले सारिपुत्र महास्थविरको गुण गाउनु भएको छ।

× × × ×

Downloaded from http://dhamma.digital

महामौग्दल्यायन महास्थविरको जीवनीमाथि दृष्टि दिंदा लौकिक चमत्कारको कुरा धेरै देखिन्छ। ऋद्धि-बलद्वारा वहाँले तथागतको धर्मप्रचारको मार्गमा धेरै मदत गर्नु भएको देखिन्छ। बकब्रह्मा जस्ता पोख्त कट्टर दृष्टि भएकालाइ, पं० अग्निदत्त जस्ता सुप्रसिद्ध ब्राह्मणलाइ, नन्दोपनन्द जस्ता नागराजालाइ दमन-गर्नलाइ, इन्द्रको अभिमान समेत तोडनलाइ गर्नुभएको वहाँको काम अल्प छैन। सारिपुत्र महास्थविरले आपनो अपराध जीवनमा जति यत्र-तत्र जानु भएर, जोकोहीलाइ धर्मबोध गराउनुभो, त्यति नै मौग्दल्यान महास्थविरले स्वर्ग र नरकमा पुग्नुभएर त्यहाँको कुरा बताई मानिसहरुलाइ धर्मबोध गराउनुभो। मौग्दल्यायन महास्थबिरले बताउनु भएको स्वर्ग र नरकको बयान भएकोले भगवानलाइ पनि धेरै ठाउँमा आफ्नो कुरामा पुर्‍याँई दिन सजिलो भयो। साँच भनौंभने तथागतको धर्म-रथको दुइ पाँग्रा यी अग्रश्रावकहरु न छन्।

एक पल्ट श्रावस्तीमा बस्नुभएको बेलामा शाक्य-सिंहले मौग्दल्यायनलाइ यस्तो आज्ञाभयो:—

"मौग्दल्यायन! कोशल राजाको पुरोहित अग्निदत्त ब्राह्मणले वृक्षको शरणमा जाऊ, आकाशको शरणमा जाऊ भनेर अंग, मगध र कुरु देशका मानिसहरुलाइ अबाटोमा लगिरहेछन्। तपाईं गएर उसलाइ दमन गर्नुहोस्!"

"भन्ते! म मात्र गएर होवोइन कि? उसका त्यतिका शिष्यहरु छन्। तपाईं पनि पाल्नुभए बेस होला।"

Downloaded from http://dhamma.digital

"हुन्छ, मौग्दल्यायन, पहिले तपाईं गराउनुहोस् पछि म आउँदैगर्छु।"

यति कुरा सुनेर मौग्दल्यायन महास्थविर आउनुभो। वहाँको मनमा यस्तो विचार आयो:—

"यस ब्राह्मणका शिष्यहरु धेरै छन्। यसै गएर कुरा सुनाउँदा कसैले सुन्दैनन्।"

यति विचार गरेर वहाँले जल-वृष्टि गराउनुभो। मेला भैरहेका ब्राह्मणका शिष्यहरु सबै आफ्ना आफ्ना कुटीभित्र गए। मौग्दल्यायन महास्थविर अग्निदत्त ब्राह्मणनिर गएर "पंडितजी, मलाई आज रातभर बास बस्न पर्ला ठाउँ दिनुहोस" भन्नुभो।

ब्राह्मणले "यहाँ बस्ने ठाउँ छैन। हरेक कुटीमा शिष्यहरु छन्। अन्तै तिर जाऊ" भनी जवाफ दियो।

मौग्दल्यायन महास्थविरले भन्नुभो- "हे ब्राह्मण! मानिस मानिसकहाँ, पशु पशुकहाँ र प्रव्रजित प्रव्रजित कहाँ आउँछन्। त्यसो न भन्नुहोस। पानी परिरहेछ, अन्त कहाँ जाउँ? यहीं एक कुनातिर मिलाइदिनुहोस्।"

"के तिमी प्रव्रजित हौ?"

"हुँ।"

"तिम्रो कमण्डलादि नौ-पात्र छ त?"

"हो, अलग-अलग नराखी सबै भित्र लिई राखेको छु।"

"त्यति कमण्डलादि लिई हिंड्नलाई त अरुसी मान्नेले अरु के गर्ला।"

"ब्राह्मण! त्यस्तो कुरा न गर्नुहोस, रातभरको निम्ति

Downloaded from http://dhamma.digital

ठाउँ पोए हुन्छ।"

"बास बस्नलाइ यहाँ ठाउँ नै छैन।"

"यो बालुवाको थुप्रो भएको ठाउँमा के छ? त्यहीं भए पनि हुन्छ।"

"अहो! त्यहाँ त एउटा भयंकर विशालु सर्प रहन्छ। त्यहाँ बस्न सक्छौ र? सक्छौ भने बस, मलाई केही आपत्ति छैन।"

"हुन्छ त्यसो भए म त्यहीं बस्छु" भनेर वहाँ नागराजा भएको ठाउँमा बस्नुभो। अग्गिदत्त ब्राह्मण र उसका शिष्यहरूले मौद्गल्यायन महास्थविर रहनु भएको ठाउँमा आई हेर्दा आगोको मुस्लो देखे। ब्राह्मणहरूको मनमाः—

"हरे! हेर्दैमा बलियो श्रवण मरेछ।"

यति बिचार गरी सबै ब्राम्हणहरू भोलिपल्ट बिहान मौद्गल्यायन महास्थविर रहनु भएको ठाउँमा हेर्न गए। तर वहाँ जहाँको तहीं रहनु भएकोले तिनीहरू सबै आश्चर्य भए। अग्गिदत्त ब्राम्हणले वहाँको भला कुशल सोध्नुभयो।

यस्तैमा सम्यग्सम्बुद्ध त्यहाँ आइपुग्नुभो। भगवान्‌लाई देख्नासाथ मौग्दल्यायन महास्थविर झटपट आसनबाट उठ्नुभो र वहाँको सादर बन्दना गर्नुभो। अग्गिदत्तले वहाँको परिचय सोध्नुभो। मौग्दल्यायन महास्थविरले बताउभयो। यही बेला बुद्धले ब्राह्मणहरूलाई उपदेश दिए। सबै ब्राम्हणहरू बुद्ध, धर्म, संघमा आए

Downloaded from http://dhamma.digital

र बौद्ध मार्गी भए।

+ + -|- -|-

एक दिन श्रावस्तीमा भगवानले महास्थविर मौग्द्-ल्यायनलाई भन्नुभयोः—

"मौग्द्ल्यायन ! राजगृहको आसपासमा सक्खर भन्ने एउटा गाउँ छ। त्यहाँ साह्रै कपटी र लोभी एक जना सेठ छ। आज कसैले नदेख्ने गरी त्यो मालपुवा खान भनी सेठानीसहित बुइगलमा गएर मालपुवा पकाइरहेको छ, मलाई भने त्यो कपटी सेठकै रोटी खान मन लागिरहेछ। तिमीले त्यसलाई दमन गरी यहाँ ल्याउन सक्छौ ?"

"सक्छु, भन्ते, आज्ञा पाऊँ, म गएर त्यसलाई यहाँ लिएर आउँछु" भनेर महास्थविर मौग्द्ल्यायन उतिखेरि राजगृह प्रस्थान गर्नुभयो। त्यहाँ पुगेर वहाँ त्यस कपटी सेठ र उनकी पत्नी भै रोटी पकाइरहेका ठाउँमा पुगेर झ्यालै डम्म छेक्ने गरी उभिनुभयो। यो दृश्य देखेर सेठ तर्स्यो। यस्ताहरूले देख्लान् भनेर नै म कसैले नदेख्ने ठाउँमा यहाँ आएर रोटी पकाउन आवं त भन् यहीं पनि पुगिहालेछन्।

सेठले भन्योः— "हे श्रमण ! झ्यालमा उभिरहनु त के आकाशैमा हिंडडुल गरे पनि रोटी पाउने छैनौ।"

सेठको कुरा सुन्नासाथ वहाँ आकाशैमा यताउता गर्न लाग्नु भयो। सेठले भन्यो— "आकाशमा यताउता घरेर के गर्ने ! झ्यालैमा आएर पलेटीमारेर बसे पनि

Downloaded from http://dhamma.digital

तिमीले यो रोटी पाउदैनौ।"

वहाँ भयालैमा आई पलेटिमारी बस्नुभो।

"हे श्रमण, पलेटिमारेर मात्र के गर्नु, यो कोठाभरि धूँवा भराए पनि तिमीले यो रोटी पाउँदैनौ।"

वहाँले कोठाभरि धूँवाले भरिदिनुभो। कोठामा बसेका पति पत्नी दुवैले परस्पर देख्न सकेनन्। महाजनको आँखा साह्रै पीरो भयो। घरै जलाए पनि तिमीले रोटी पाउँदैनौ न भनी हैरान भएर त्यो महाजनले आफ्नी स्वास्नीलाई "लौ यस श्रमणलाई एउटा सानो रोटी पकाई दिई पठाऊ। रोटी नलिइकन यो देग न चल्ने भयो" भन्यो।

वहाँले उत्तिखेरै धूँवा हटाउनुभो। सेठानीले एउटा रोटी पकाई। तर महामौद्गल्यायनले त्यो रोटी ठूलो तुल्याइ दिनुभो। रोटी देखेर ऊठले "ख सानो एउटा रोटी पकाऊ भन्छु त झन यत्रो ठूलो रोटी पकाइछ" भनी रोटी पकाउन आफै अघि सऱ्यो। वहाँले रोटी झन ठूलो तुल्याउनुभो। सानो रोटी पकाउन नसकी महाजन कायल भयो। रोटी जति पकायो उति ठूलो मात्र हुँदोरहेछ। आखिरमा महाजनले "लौ यसलाई जुन भए पनि एउटा रोटी दिई पठाऊ" भनी अह्रायो। स्वास्नीले एउटा रोटी झिक्न खोज्दा भाँडोको जम्मै रोटी एकै दूका भएछ। स्वास्नीले यो बुढा महाजनलाई भनी दुवै जना मिलेर ताना-तान गरी रोटी छुट्याउन खोजे। रोटी ताना-तान गर्दा गर्दै महाजनलाई खलखलि पसिना आयो, तिर्खा लाग्यो।

Downloaded from http://dhamma.digital

महाजनले भन्यो "लौ भैगो यो रोटी मलाई चाहिन्न यही श्रमणलाई दिई पठाऊ"। सेठानीले भाँडो रुकरुक्याएर रोटी दान दिई। यसै बेला वहाँले सेठ सेठानीलाई उपदेश दिनुभयो। वहाँको उपदेशले तिनीहरू बहुतै खुशी भए। तिनीहरू बुद्ध-धर्म-संघको शरणमा आए। अन्तमा वहाँले तिनीहरूलाई आफ्नो ऋद्धिद्वारा श्रावस्ती लगी भगवान् समेत पाँच सय भिक्षुहरूलाई तिनीहरूकै हातबाट त्यो रोटी दान गर्न लगाए।

+ + + +

एक दिन भगवान् प्रमुख पाँच सय भिक्षुहरूसहित त्रायत्रिंस भवनमा जानुभो। बीच बाटोमा नन्दोपनन्द भन्ने नागराजा भात खाइरहको थियो। भगवान् प्रमुख भिक्षुहरूले आफूलाई नाघी गएको देखेर नागराज रिसायो। त्यसले आफ्नो नागबलले बाटो छेकिदियो। अनेक भिक्षुहरूले नागलाई दमन गर्नलाई भगवानको आज्ञा मागे, भगवानले दिनुभएन। नागको यो प्रचण्ड काम देखेर रट्ठपाल, भद्दिय र राहुल जस्ता स्थविरहरू फर्केर गए। आखिरमा भगवानले महामौद्गल्यायनलाई नाग दमन गर्न आज्ञा दिनुभयो। वहाँले नागलाई दमन गर्नुभयो। यसले गर्दा मौद्गल्यायन महास्थविरको यश तीनै लोकमा फैलियो।

असरी भौतिक जगतको विजय गर्न निपूण तथा

Downloaded from http://dhamma.digital

शूरो सेनाको आवश्यक हुन्छ, त्यस्तै धर्म साम्राज्य स्थापना गर्नलाइ पनि निपुण र शूरो सेनाको आवश्यक हुन्छ। यो सेनाको पूर्ति महामौग्दल्यायनले गर्नु भएको थियो।

× × × ×

एकपल्ट भगवान् राजगृहमा वेळुवनाराममा आनु भएको थियो। त्यसबेला भगवान् बुद्धलाई लाभ-सत्कार गरेको देखेर अरू तीर्थकहरूलाई दाह तथा इर्ष्या भयो। एक दिन तिर्थकहरूमा यस्तो कुरा भयोः—

"शिष्यहरू हो! गौतम बुद्धको लाभ-सत्कार बढेको कारण अरू होइन, महामौग्दल्यायन वहाँको शिष्य भएर नै हो। महामौग्दल्यायन विभिन्न लोकमा गई त्यहाँको शुभाशुभ कुरा यहाँ आएर जनतालाई सुनाउँछन्। यसले गर्दा जनता भगवानतिर आकर्षित भयो। यदि मौग्दल्यायन एकजनालाई हामीले सिध्याउन सक्यौं भने गौतम बुद्धलाई त्यतिको लाभ-सत्कार हुने छैन। उसका धेरै जसो शिष्यहरू हामीकहाँ आउँनेछन्।

आखिरमा तिनीहरू सबैले मौग्ल्यायन महास्थविरको प्राण लिने निश्चय गरे। फलस्वरुप तिनीहरूले डाकुहरूको एक दललाई हजारौं रुपैयाको लोभ देखाएर महामौग्दल्यायन महास्थविरलाइ मार्न पठाए।

त्यही बेला महामौग्द्ल्यायन महास्थविर वेळु

Downloaded from http://dhamma.digital

बनमा आफ्नो कुटीमा रहनुभएको थियो। डाकुहरू आएर कुटीको चारैतिर घेरा दिएको सुईंको पाएर वहाँ छानाको प्वालबाट बाहिर निस्कनुभो। डाकुहरू फर्के। फेरि पछि पनि एकपल्ट त्यस्तै आइरहेको देखेर वहाँ छानाको प्वालबाट निस्कनुभयो। दुइ तीन पल्ट यसो भै सके, वहाँले यसको कारणमा विचार गर्नुभयो। वहाँले आफ्नो पूर्वकर्मको कारण पत्ता लगाउनुभयो। आफू निर्वाण हुने समय पनि थाह पाउनुभयो। पछिल्लो पल्ट वहाँले आफ्नो अलौकिक शक्तिको प्रयोग गर्नु भएन। फलस्वरूप डाकुहरूले वहाँलाई धूलोपिठो गरी कुटेर चकनाचूर पारेर गए। यो खबर उत्तिखेरै देशभरि फैलियो। यसले गर्दा जनतामा निकै नै खलबली मच्चियो।

चूर्ण भैरहेको आफ्नो शरीरलाई महामौद्गल्यायन महास्थविरले ऋद्धिबलद्वारा फेरि ज्यौंका त्यौं गर्नुभो। अनि भगवानकहाँ गएर परिनिर्वाण हुनको लागि वचन माग्नुभो। यस समयमा भगवानलाई धर्मसंवेग त अवश्य भयो, तर एक दिन सबैले छोडेरै जानु पर्छ,— त्यस कारण भगवानले वहाँलाई परिनिर्वाण हुन वचन दिनुभयो। वहाँले यो पनि भनुभो:—

"तेन हि मोग्गल्लान मटहं धम्मं कथेत्वा याहि। तादिसस्स मे सावकस्स इदानि दस्सनं नत्थि।"

अर्थात्- मोग्गल्लायन, त्यसो भए मलाई धर्मका

Downloaded from http://dhamma.digital

केही कुरा सुनाएर जानुहोस्। फेरि तपाईं जस्तो श्रावकको मुख हेर्न पाउँदिन।

हवस् भनेर वहाँले परिनिर्वाण हुने दिनमा सारिपुत्र महास्थविरले जस्तै भगवानलाई अनेक ऋद्धि प्रतिहार्य्य देखाएर धर्मका कुराहरू सुनाई कालशैल पर्वततिर प्रस्थान गर्नुभयो। सारिपुत्र महास्थविर परिनिर्वाण भएको दुइ हप्तापछि मौग्द्ल्यायन पनि परिनिर्वाण हुनुभयो।

+ + + +

मौग्दल्यायन महास्थविरलाई डाकुहरूले कुटेरे! भन्ने समाचारले भिक्षु संघमा पनि निकै खैला-बैला भयो। संघमा यस्तो कुरा पनि भयो—त्यतिको ऋद्धियुक्त महास्थविर डाकुहरूद्वारा पिटिएर मर्नु त साह्रै लज्जाजनक तथा अयोग्य कुरा हो।

यसै बेला भगवान् त्यहाँ आइपुग्नुभयो। भिक्षुहरू सबै चूप लागे। भगवानले के कुरा चलिरहेछ भनी भिक्षुहरूसित सोध्नुभयो। भिक्षुहरूले यथार्थ कुरा निवेदन गरे। यस विषयमा भगवानको यस्तो आज्ञा भयो:—

"हे भिक्षुगण, हुनता मौगद्ल्यायनको यस जन्मको हिसाबले देहान्तको घटना अनुचित जस्तो छ, तर वहाँले आफ्नो पूर्व-जन्ममा गरेर आउनुभएको कर्म विचार गर्दा त उचित नै भन्नु पर्छ।"

भगवान्को कुरा सुनेर भिक्षुहरूले महास्थविरको

Downloaded from http://dhamma.digital

पूर्वजन्मको विषयमा सोध्न थाले। भगवान्ले यसरी बताउनुभयोः—

" एक पूर्व-जन्ममा मौग्द्ल्यायन आफ्ना उमेर ढलिकसकेका पिता माताको सेवा गरिरहनु भएको थियो। आमाले वहाँको बिवाह गरिदिन चाहिन्, तर वहाँले मान्नु भएन। आखिरमा आमाकै जिद्दि पुग्यो र बिवाह भयो। समय बित्दै गयो, वहाँका आमा बाबुको आँखाले देख्न छोडे। वहाँकी धर्मपत्नीले वहाँलाई सँध काना बूढा बूढीहरुसित न बस्नौं भनेर चुक्ली लाउँथिन्। आखिरमा वहाँले आफ्नो प्रियाकी कुरा सुनेर बृद्धा तथा अन्धा माता पिताहरुलाई कहीं जाने निँहु थापी एउटा रथमा हालेर जंगलमा लगी मारेर फर्के। यस कर्मको फलले गर्दा वहाँले अर्को धेरै जन्ममा दुःख पाउनु पर्‍यो। त्यसैको फलस्वरूप अर्थात त्यस कर्मको हिसाबले वहाँको यो देहान्त घटना केही अनुचित छैन—भन्नु पर्छ। त्यसैले भिक्षुगण हो, कर्म भनेको चिज असलै गर्न सिक्नु पर्छ।'

यस कुराले गर्दा भिक्षुहरूको मनमा शान्ति स्थापना भयो। यसरी महामौद्गल्यायन महास्थविरको जिवन-यात्रा समाप्त भयो। कातिक पूर्णिमाको दिन सारिपुत्र महास्थवीर राजगृह महादेशमा परिनिर्वाण हुनुभयो। त्यसैको दुइ हप्तापछि अमावास्याको दिनमा महामौग्द्ल्यायन महास्थविर राजगृहको इसिगिलि पर्वत नजीक कालशैल भन्ने पर्वतमा परिनिर्वाण हुनुभयो।

Downloaded from http://dhamma.digital

वहाँको विषयमा पनि तथागतले अनेक गुण प्रकाश गर्नु भएको थियो।

वहाँहरूको अस्थिधातु राखेर चैत्य बनाई पूजा गर्नुभयो।

-।- -।- -।- -।-

जीवन अनित्य छ, तर अनित्य देहको आधारमा गरिने असल कामहरू अनित्य शरीरभन्दा पनि झन् नित्य छ। वहाँहरू परिनिर्वाण हुनुभएको आजले करीब पचीस सय वर्ष भइसक्यो किन्तु, वहाँहरूको गुण सम्झी वहाँहरूको भस्मावशेषलाई संसारले आजसम्म पनि वन्दना गर्दैछ। विलायतबाट सन् १९४७ ई०—मा वहाँहरूको अस्थिधातु फिर्ता ल्याउँदा लंकामा पुग्दा तीस लाख मानिसहरूले त्यस धातुलाई श्रद्धाञ्जलि अर्पण गरेका थिए। सन् १९४९, जनवरी १४ तारिखको दिन ती धातु कलकत्ता ल्याउँदा भारत सर्कारद्वारा जवाहर-लाल नेहरूसहित दसलाख प्रमुख व्यक्तिहरूले कलकत्ताको ठूलो मैदानमा श्रद्धाञ्जलि चढाए। त्यहाँपछि अस्थिधातु विहार प्रान्तमा लगियो। भारतको विभिन्न ठाउँहरूमा पनि त्यस धातुको ठूलो स्वागत भयो। त्यही वर्ष नवेम्बर ३ ता०—का दिन सारनाथमा पनि लगियो। यीनै महापुरुष सारिपुत्र र महामौद्गल्यायनका पवित्र अस्थि धातु सन् १९५१ नवेम्बर ६ ता०—अर्थात विक्रम सम्वत्


Downloaded from http://dhamma.digital

२००८ कार्तिक २० गतेको दिन विशेष वायुयानद्वारा नेपाल उपत्यकाञ्चलमा ल्याइने भएको छ र स्वयं श्री ५ महाराजाधिराज त्रिभुवनवीर विक्रम शाहदेवले स्वागत गर्नु हुने भएको छ। ती महापुरुषहरूका अस्थिधातु, बौद्धमार्गीहरूको दृष्टिमा मात्र होइन, किन्तु, सबै सभ्य लोकको दृष्टिले तथा ऐतिहासिक दृष्टिले हेर पनि त्यत्तिकै महत्वपूर्णको छ।


## अग्रश्रावक-धातु

ती महापुरुष सारिपुत्र र मौग्दल्यायन महास्थविरहरूको पवित्र अस्थिधातु आजको सय वर्षजति अगाडि युरोपका जनरल कनिंहाम महोदयले भोपालराज्य अन्तरगत साँचि भन्ने गाउँमा रहेको तेश्रो चैत्यमा र साँचिबाट ६॥ माइल पश्चिमतिर सतधारा भन्ने ठाउँको दोश्रो चैत्यभित्र पाउनु भएको हो। यी अस्थिधातु ढुङ्गाको सन्दुसभित्र रहेको ढुङ्गाकै एउटा सानो कन्तुरभित्र राखि छोडेको पाइएको हो। यी अस्थिधातु भएको एउटा सन्दूसको बिर्कोमा "सारिपुतस" (सारिपुत्रको) भनेर अक्षर खोदिराखेको छ र अर्को सन्दुसको बिर्कोमा "महामोगलानस" (मौग्दल्यायनको) भनेर अक्षर खोदिराखेको छ।

Downloaded from http://dhamma.digital




सारिपुतस



महामौगलानस

ती लिपि ब्राह्मी लिपि हुन। सन्दुसभित्र रहेको बट्टामा पनि एउटामा 'सा' र अर्कोमा 'म' लेखिराखेको छ। अतएव यी धातुहरू सारिपुत्र र मौद्गल्यायनका हुन् भनेर थाहा पाइयो। यी धातुहरू ती महापुरुषहरूकै हो भन्ने प्रमाण अरू पनि धेरै छन। भारतका पुरातत्व विभागले पनि यस धातुको बारेमा धेरै प्रमाणहरू भेट्टाएको छ।

चैत्य नं. ३



साँचि चैत्य, जहाँ अग्रश्रावकहरूको धातु प्राप्त भयो।

Downloaded from http://dhamma.digital

अस्थिधातु भएको सन्दुसभित्र श्रीखण्डका दुइ टुक्रा र सप्तरत्न पनि छन भनी महोदय कनिंहामले लेख्नुभएको छ ती श्रीखण्डका दुइ टुक्रा वहाँहरूकै चिताबाट ल्याइराखेका हुन् भन्ने यहाँको अनुमान छ। सन्दुसभित्र जाला बुनिरहेको माकुरा जिउँदै पाउनु पनि लाहैन आश्चर्यको कुरा हो भनी उनै अँगरेज महोदयले लेख्नु भएको छ। यदि यस धातुको विषयमा राम्ररी थाह पाउन चाहनु हुन्छ भने साँचि-गाइड् भन्ने अँगरेजी भाषाको किताब हेर्नुभए देख होला। यस अस्थिधातुको महत्व धेरै देखेर त्यस बेला पुरातत्व-विभागका अधिकारीहरूले यसलाइ बिलायत लगेका थिए। यी अस्थिधातु भारतमा नै फिर्ता ल्याउनको निम्ति महाबोधि-सभासहित सकल बौद्धजगतका मानिसहरूले पच्चीस तीस वर्षअगाडि देखिन कोशीश तथा आन्दोलन गरेका हुन। हाम्रो नेपालका श्री धर्मादित्य धर्माचार्यजीले पनि यसमा ठूलो सहयोग दिनुभएको थियो। फलस्वरूप १९४७ इ० तिर यी धातुहरू महाबोधि सभाको मार्फत् भारतमा ल्याइए। अब फेरि यी धातु-हरू पहिलेकै ठाउँ साँचि चैत्यमा नै राख्ने भएका छन। यसको लागि भोपाल राज्यका नवाबले पच्चीस हजार रुपिया पनि चन्दा दिनु भएको छ। त्यो स्थान आबाद गर्नको लागि भोपाल राज्यले त्यहाँ बस्ती बसाउन इच्छुकहरूलाइ जमीन पनि सित्तिमा दिने भएको छ।

Downloaded from http://dhamma.digital

## बौद्धकलाको प्राचीनतम

यी धातुहरू राखिछोडेका बट्टाहरूमा एउटामा 'सा' र अर्कोमा 'म' मसीले लेखिराखेको आजसम्म पनि प्रष्ट देखिन्छ। यसले भारतीय बौद्धहरूको शिल्प विषयक दक्षता राम्ररी झल्काउँछ। यसैले गर्दा शिल्पको विषयमा देश विदेशमा भारतको नाम प्रख्यात भयो। यति पूरानो मसीले लेखिराखेको अक्षर भारतमा आजसम्म पनि भेट्टिएको छैन। यी बट्टाहरूका बिर्कोको भित्रपट्टि पनि 'सारिपुतस' 'महामोगलानस' भनेर लेखिराखेको छ।

## प्राचीनतम शिलालेख

भारतवर्षमा पाइएका शिलालेखहरू मध्ये सबभन्दा पूरानो शिलालेख त बिडूडभहरूको हातबाट बचिरहेका शाक्यवंशीहरूले लेखिराखेका पिप्राकोटको चैत्यभित्र रहेको लिपि नै रहेछ। त्यसमा यसरी लेखिराखेको छ। —

"सुकिति भतिनं सभगिनिकनं सपुतदलनं इयं सलिल निधने बुद्धस भगवते सकियनं।"

इत्यादि प्रकारले बिचार गरी हेर्दा वहाँहरूको अस्थिधातु मात्र हैन धातु रहेको बट्टाहरू समेत दर्शनीय, वन्दनीय र माननीय छ।

Downloaded from http://dhamma.digital

# धर्मशोक राजाले गर्ने धातु-वन्दना

धर्मशोक राजाले अग्रश्रावकहरूको धातुलाई निम्न श्लोक पढेर वन्दना गर्ने गर्दथ्ये।

शारद्वतीपुत्रमहं भक्त्या वन्दे विमुक्ति मवसंशाम् ।
लोकप्रकाश कीर्ति ज्ञानवतामुत्तमं वीर ॥

अर्थात् – संसाररूपि समुद्रबाट पार तरिसक्नु भएको, जसको कीर्ति संसार भरि फैलरहेको छ, ज्ञानवानहरूमा अग्र र श्रेष्ठ हुनु भएका, त्यस्ता सारद्वती पुत्र भन्ने सारिपुत्र महास्थविरलाई अत्यन्त भक्ति पूर्वक नमस्कार गर्दछु।

ऋद्धिमतामग्रो यो जन्म जरा शोक दुःखविमुक्तः ।
मौग्द्ल्यायन् महं वन्दे मूर्धना प्रणिपत्य विख्यातम् ॥

अर्थात् – ऋद्धिवान्हरूमा श्रेष्ठ हुनु भएका, त्रिलोक-भरि सुविख्यात महामौग्द्ल्यायनलाई अत्यन्त भक्ति पूर्वक नमस्कार गर्दछु।

+ + + +


अग्रश्रावक वन्दनागर्ने भक्तजनहरुले श्री मुनीन्द्रले आज्ञा-गर्नु भएको अगाडि लेखिराखेको चार श्लोक पढेर नमस्कार गर्नु अति उत्तम छ। तर प्रत्येक श्लोकको चतुर्थ पाद बदली "वन्दामि परिनिब्बुतं सारिपुत्तं। *" भन्नु पर्दछ।

---

* मौग्द्ल्यायनलाई वन्दना गर्दा 'सारिपुत्त' को सट्टा 'मोग्गल्लानं' भन्नु पर्छ।

Downloaded from http://dhamma.digital

यसरी वहाँहरुको गुण सम्भेर स्तुति गरेमैं वहाँहरुले देखाएर जानु भएको आदर्शको अनुगमन गर्नु भन् उत्तम बन्दना हो ।



उनान् सय वर्षअगाडि साँचिको तृतीय स्तूपको अवस्था यस प्रकारको थियो। यहींबाट अग्रश्रावकको धातु पाइएको थियो।

त्यसैले हामी सबै कृतज्ञ हुन सिकौं। करुणावान होऔं। प्रजा-पालना गरौं। सबै प्राणीहरूलाई आपनो एकमात्र पुत्र सम्झन सकौं। बिनामैत्री करुणाले लोकमा शान्ति हुँदैन। शान्तिनायक भगवान बुद्धको विश्व कल्याण गर्ने मैत्रीधर्म न अपनाएसम्म संसारमा शान्ति हुँदैन। त्यसैले हामी सब आपसमा मैत्री तथा प्रेम बढाई विश्व कल्याण गर्न सिकौं। राजा र नागरिकमा, तथा मंत्रीमण्डल र दुनियामा पूरा सद्भावना उब्जाई, देश र धनजनमा स्नेह र उन्नति ल्याई त्याग र सहनशीलता तथा आत्मगौरव,

Downloaded from http://dhamma.digital

आफ्नो प्रतिज्ञा र लक्ष्यलाई न बिर्सी सारिपुत्रहरू जस्ता महापुरुषहरूको आदर्श जीवनीबाट शिक्षा लऔं। 'अर्काको कुरा छोडिदे, आफ्नो ढूग्या भरी दे' भन्ने उक्तिलाई वहांहरूले कहिल पनि आफ्नो मनमा स्थान दिनु भएन, परन्तु विश्व कल्याणको निम्ति 'आफ्नो कुरा छोडी दे, प्राणीको कल्याण गरी दे'— यही वहाँहरूको मूलमन्त्र थियो !

सकल प्राणीको जय !

"सिद्धिरस्तु"

Downloaded from http://dhamma.digital

# धर्मोदय ग्रन्थमाला र अरू पुस्तकहरू

| | | |
|---|---|---|
| १ | धम्मपदट्ठकथा ३॥) सजिल्द | ४॥) |
| २ | ज्ञानमाला | ।।७५ |
| ३ | बुद्ध-जीवनी | १) |
| ४ | त्रिरत्न-वन्दना | ।२४ |
| ५ | बुद्धोपदेश शह्र भजनमाला | ।१८ |
| ६ | ह्वनागा | ।३६ |
| ७ | धर्मचक्र सुत्र | ।३६ |
| ८ | हेमस्त दँ ! बँ ! | ।३२ |
| ९ | परित्राण | ।२५ |
| १० | झीमचा ( द्वितीय भाग ) | ।३६ |
| ११ | नेपाल भाषा शब्द-संग्रह | ।८५ |
| १२ | गृही विनय | १। |
| १३ | धर्म व विनय | ।३६ |
| १४ | जातक माला भाग—१ | ।५० |
| १५ | धम्मपाद ।७०, सजिल्द | ।६८ |
| १६ | नुगः | १।४ |
| १७ | महाचीन यात्रा | २) |
| १८ | गौतम बुद्ध ( नाटक ) | ।४० |
| १९ | मिलिन्द प्रश्न ( हिन्दी ) | ६॥) |
| २० | लोक नीति ( प्रेस ) | |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

२१ बुद्धोपदेश
२२ महाजय मङ्गल पाठ
२३ अनुत्तर विजय
२४ महा सतिपट्ठान
२५ सर्वज्ञ धातु
२६ जगत्-ज्योति
२७ धम्मपद (नेपाली) प्रेसमा

यस किताबको मूल्य २०। मात्र



भगवती प्रेस, ठहिटी, नेपाल ।

Downloaded from http://dhamma.digital